# रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी
५ नं. प्रदेश, नेपाल ।
☎ ०७९-४१०१०४

च.नं. : १४६२
प.सं. :०७६/०७७

मितिः२०७७/०१/३१

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,

जिल्ला प्रशासन कार्यालय, गुल्मीको च.नं. ३६७५ मिति २०७७/०१/३१ को पत्र साथ प्राप्त बैठकका निर्णयहरुको प्रतिलिपी यसैं पत्रसाथ संलग्न गरी पठाईएको छ । व्यहोरा अवगत गरी सोही बमोजिम कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ । साथैं जिल्ला प्रशासन कार्यालय, गुल्मीको अत्यन्त जरुरी सुचना समेत यसैं साथ संलग्न छ । सो सूचना कार्यालयको सूचना पाटी र अन्य आवश्यक स्थानमा टाँस गर्नुहुन अनुरोध छ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तम्घास, गुल्मी

मिति :२०७७।०१।३१

## जिल्ला प्रशासन कार्यालय, गुल्मीको अत्यन्त जरुरी सूचना

मिति २०७७।०१।३१ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) र जिल्ला सुरक्षा समिति गुल्मी को बैठकको निर्णयानुसार गुल्मी जिल्ला भर स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३), संक्रामक रोग ऐन, २०२० को दफा २(२) तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०१।२४ गतेको बैठकको निर्णय नं. ६ बमोजिम निम्नानुसारको जरुरी सूचना जारी गरिएको छ ।

१. ५ नं. प्रदेश अन्तर्गतका जिल्लाहरुमा कोरोना भाईरसको संक्रमणको उच्च जोखिम देखिएको र यस जिल्लामा पनि संक्रमण हुन सक्ने अवस्था उच्च रहेको हुँदा रोगको संक्रमण रोकथामको लागि मिति २०७७।०२।०१ गते बिहान ६ बजे देखि २०७७।०२।०५ गते मध्यरातसम्म मानिसहरुको आवतजावत पूर्णरुपमा बन्द गर्न देहाय बमोजिम गर्ने ।

क) एम्बुलेन्स, शव बाहन, मृत्युसंकार, विद्युत, संचार, खानेपानी, औषधी र इन्धनको सवारी बाहेक अन्य सबै प्रकारका सवारी साधनहरुको आवागमन पूर्ण रुपमा निषेध गर्ने ।

ख) सर्वसाधारण नागरिकहरु बिरामी भएको अवस्था बाहेक अन्य अवस्थामा घरबाट बाहिर ननिस्कने ।

ग) सहकारी तथा वित्तिय संस्थाहरु पूर्ण रुपमा बन्द गर्ने ।

घ) अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु (इन्धन, दाल, चामल, तेल, नुन, दुधडेरी, तरकारी तथा फलफूल) का पसलहरुमा अनिवार्य रुपमा हात धुनको लागि साबुन पानि र सामाजिक दुरी कायम गर्ने गरी प्रत्येक दिन विहान ११ बजे देखि दिउँसो १:०० बजे सम्म मात्र संचालन गर्ने ।

ङ) अस्पताल, स्वास्थ्य संस्था, औषधी पसलहरु र पेट्रोल पम्प २४ सैं घण्टा संचालनमा रहने ।

२. माथि उल्लिखित शर्तहरु पालना नगर्नेलाई नियन्त्रणमा लिई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गरिनेछ ।

(भरतकुमार शर्मा)
प्रमुख जिल्ला अधिकारी

भरतकुमार शर्मा
प्रमुख जिल्ला अधिकारी

रुरुक्षेत्र गाउँपालिका
दर्ता नं.: ९६५८
दर्ता मिति: १।३९

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तम्घास, गुल्मी

प.सं. ०७६।०७७

च.नं. ३६६५

मिति : २०७७।०१।३१

**विषय : बैठकको निर्णय पठाइएको सम्बन्धमा ।**

श्री जिल्ला प्रहरी कार्यालय गुल्मी ।

श्री विरभद्रजंग धागिथुम तम्घास गुल्मी ।

श्री सशस्त्र प्रहरी बल नेपाल ३७ नं. हे.क्वा. गुल्म गुल्मी ।

श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय गुल्मी ।

श्री नगरकार्यपालिकाको कार्यालय

रेसुङ्गा र मुसिकोट गुल्मी,

श्री गाउँ कार्यपालिकाको कार्यालय,

कालिगण्डकी, चन्द्रकोट, सत्यवती, रुरुक्षेत्र, छत्रकोट, गुल्मीदरबार, इश्मा, धुर्कोट, मदाने, मालिका गुल्मी

जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र गुल्मीका संयोजक प्रमुख जिल्ला अधिकारी श्री भरतकुमार शर्माज्यूको अध्यक्षतामा मिति २०७७।०१।३१ गते बसेको बैठकको निर्णय पाना-१ र जिल्ला प्रशासन कार्यालय गुल्मीको अत्यन्त जरुरी सूचना पाना-१ आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध छ ।

२०७७।०१।३१

(लक्ष्मण पाण्डे)

प्रशासकीय अधिकृत

रुरुक्षेत्र गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी

दर्ता नं.: १३४३

दर्ता मिति: १।३१

**निर्णयहरु (२०७७।०१।३१)**

१. यस पूर्वको जिल्ला कोरोना संकट व्यवस्थापन समितिको बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो । सबै निर्णयहरु प्रभावकारी कार्यान्वयन भएको पाईयो ।

२. यस जिल्लासँग अन्य जिल्लाहरुको सिमाना जोडिएका नाकाहरुमा सुरक्षा निकायहरुबाट Area dominate गर्ने कार्यको लागि सम्बन्धित पालिकाले स्वयंसेवकहरु खटाउने ।

३. ५ नं. प्रदेश अन्तर्गतका जिल्लाहरुमा कोरोना भाईरसको संक्रमणको उच्च जोखिम देखिएको र यस जिल्लामा पनि संक्रमण हुन सक्ने अवस्था उच्च देखिएको हुँदा संक्रमण रोकथामको लागि जिल्लाका सिमानाहरुमा मिति २०७७।०२।०१ गते बिहान ६ बजे देखि २०७७।०२।०५ गते मध्यरातसम्म मानिसहरुको आवतजावत पूर्णरुपमा बन्द गर्ने ।

४. जिल्लामा मिति २०७७।०२।०१ गते देखि २०७७।०२।०५ गते मध्यरात सम्मको लागि देहाय बमोजिम गर्न गराउनको लागि जिल्ला प्रशासन कार्यालय गुल्मीबाट अत्यन्त जरुरी सूचना सार्वजनिक गर्ने ।

क) एम्बुलेन्स, शव बाहन, किरियापुत्री, विधुत्त,संचार, खानेपानी,औषधी र इन्धनको सवारी बाहेक अन्य सबै प्रकारका सवारी साधनहरुको आवागमन पूर्ण रुपमा निषेध गर्ने ।

ख) सर्वसाधारण नागरिकहरु बिरामी भएको अवस्था बाहेक अन्य अवस्थामा घरबाट बाहिर ननिस्कने

ग) सहकारी तथा वित्तिय संस्थाहरु पूर्ण रुपमा बन्द गर्ने ।

घ) अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु (इन्धन, दाल, चामल, तेल, नुन, दुधडेरी, तरकारी तथा फलफूल) का पसलहरुमा अनिवार्य रुपमा हात धुनको लागि साबुन पानि र सामाजिक दुरी कायम गर्ने गरी प्रत्येक दिन विहान ११ बजे देखि दिउँसो १:०० बजे सम्म मात्र संचालन गर्ने ।

ङ) अस्पताल, स्वास्थ्य संस्था, औषधी पसलहरु र पेट्रोल पम्प २४ सैं घण्टा संचालनमा रहने ।